**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ३३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन ४ गते सोमबार ❑ 16 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## फागुन १८ गतेसम्म मात्र निर्वाचन प्रचारप्रसार गर्न आयोगको निर्देशन

**रासस**
काठमाडौं, ३ फागुन

निर्वाचन आयोगले राजनीतिक दल तथा उम्मेदवारलाई यही फागुन ४ गतेदेखि १८ गतेसम्म मात्र जुलुस, आमसभा, कोणसभा, सञ्चार माध्यममा कुनै प्रकारको प्रचारप्रसार सामग्री प्रकाशन वा प्रसारण तथा निर्वाचनका लागि घरदैलो कार्यक्रम गरी निर्वाचन प्रचारप्रसार गर्न निर्देशन दिएको छ ।

यही फागुन २१ गते बिहीबारका दिन सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचन कार्यक्रम अनुसार सोमबारदेखि सुरु हुने प्रचारप्रसारका कार्यक्रमअघि आइतबार आयोगले आयोजना गरेकोपत्रकारसम्मेलनमाकार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले राजनीतिक दललाई निर्वाचनको सिलसिलामा कुनै पनि व्यक्तिलाई निर्वाचनमा उम्मेदवारी दिन वा निर्वाचनसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिम निर्वाचनको प्रचारप्रसार गर्न वा मतदानको अधिकार प्रयोग गर्नबाट वञ्चित गर्ने उद्देश्यले बाधा अवरोध पुऱ्याउने वा पुऱ्याउन लगाउने काम नगर्न निर्देशन दिनुभएको हो ।

यसैगरी थुनछेक गर्ने वा गराउने, कुनै पनि किसिमको हातहतियार वा विस्फोटक पदार्थ प्रदर्शन वा प्रयोग गर्ने, कुनै किसिमको क्षति पुऱ्याउने, धाक धम्की वा डर त्रास देखाउने, सामाजिक प्रतिष्ठामा आघात पुऱ्याउने, सामाजिक बहिष्कार गर्ने वा सामाजिक बहिष्कार गर्न धम्की दिने, कुनै किसिमले लोभ लालच देखाउने वा आर्थिक प्रलोभन देखाउने, धर्म भकाउने वा प्रतिज्ञा गराउने जस्ता काम गरी प्रभावमा नपार्न कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले निर्देशन दिनुभयो ।

"निर्वाचनको अवधिभित्र कुनै मतदातालाई निजको मतदानको अधिकार प्रयोग गर्न वा नगर्नका लागि वा मतदानको अधिकार प्रयोग गरे वा नगरे बापत उपहार, पुरस्कार, इनाम, दानदातव्य र बकसको रूपमा नगद वा जिन्सी दिन वा दिन मन्जुर गर्न वा सार्वजनिक भोजको आयोजना गर्न वा त्यस्तो प्रयोजनका लागि नगद वा जिन्सी लिन वा लिन मञ्जुर गर्न वा सार्वजनिक भोजमा सहभागी हुन हुँदैन, निर्वाचन प्रचारप्रसार गर्दा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानमा आँच पुऱ्याउने वा खलल पार्ने, जनतामा निहित सार्वभौमसत्ता र राजकीय सत्ता वा प्रतिस्पर्धात्मक बहुदलीय सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा आँच पुऱ्याउने वा खलल पार्ने, कुनै धर्म, जात जाति, वर्ग, क्षेत्र वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पुऱ्याउने वा हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा भाषा, धर्म, समुदाय वा क्षेत्रीयताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने कार्य गर्न गराउन हुँदैन", उहाँले भन्नुभयो । निर्वाचनको नतिजामा प्रभाव पार्न कुनै उम्मेदवार वा निजको परिवारको सदस्यको कुनै पनि किसिमले चरित्र हत्या गर्न वा गराउन वा कुनै तबरबाट डर, त्रास तथा धम्की दिन नहुने आयोगको निर्देशनमा उल्लेख छ ।

निर्वाचनको प्रचारप्रसार गर्ने उद्देश्यले निर्वाचन आचारसंहिता, २०८२ मा उल्लेख भए बमोजिम ७५ ग्रामसम्मको कागजमा ३०० वर्ग इञ्चसम्म क्षेत्रफल भएको आकारको एउटै रङ र मुद्रकको नामसहितको पर्चा वितरण गर्नबाहेक कुनै प्रकारको पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले छाप्न वा छपाउन वा प्रयोग गर्न वा गराउन, कुनै पनि धार्मिक, पुरातात्विक, ऐतिहासिक, सरकारी, सार्वजनिक वा निजी भवन, स्मारक, पर्खाल वा बनोटमा कुनै पर्चा टाँस्न वा टाँस्न लगाउन वा लेख्न वा लेख्न लगाउन, सभा वा भेलामा वा त्यस्तो सभा वा भेलाका लागि सूचना प्रवाह गर्ने प्रयोजनका लागि बाहेक अन्यत्र साउण्ड सिस्टमको प्रयोग गर्न वा गराउन नहुने आयोगले जनाएको छ ।

मतदान हुने दिनभन्दा ४८ घण्टा अघिदेखि मतगणनाको काम पूरा नभएसम्म कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नाराबाजी गर्न तथा अन्य कुनै पनि प्रकारले प्रचारप्रसार गर्न वा गराउन नहुने भनी आयोगले राजनीतिक दललाई निर्देश गरेको छ । नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको संस्था वा कुनै शिक्षण संस्था वा गैरसरकारी संस्थाको सवारीसाधन प्रयोग गर्न वा गराउन, कुनै सवारी साधनको प्रयोग गरी ऱ्याली गर्न वा गराउन नहुने पनि आयोगले जनाएको छ ।

निर्वाचन प्रचारप्रसारको सिलसिलामा सरकारी कर्मचारी, सुरक्षाकर्मी वा सार्वजनिक सम्पत्तिको प्रयोग गर्न वा गराउन नहुने, निर्वाचन प्रचारप्रसारमा प्रचलित सङ्घीय कानुन विपरीत हुने गरी सरकारी वा सार्वजनिक निकाय वा गैरसरकारी सङ्घ संस्थाबाट कुनै पनि प्रकारको आर्थिक सहयोग लिन नहुने आयोगले निर्देशन दिएको छ ।

## अधिकांश दलले सार्वजनिक गरे निर्वाचन घोषणापत्र

**रासस**
काठमाडौं, ३ फागुन

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा सहभागी हुने अधिकांश राजनीतिक दल र प्रत्यक्षतर्फका उम्मेदवारले घोषणापत्र सार्वजनिक गरी निर्वाचन आयोगमा बुझाएका छन् ।

आयोगको निर्देशनबमोजिम विभिन्न दल र उम्मेदवारले घोषणापत्र बुझाउन थालेका र विस्तृत विवरण प्राप्त हुन बाँकी रहेको आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईले जानकारी दिनुभयो। आइतबारमात्र राष्ट्रिय स्वतन्त्र पार्टी, उज्यालो पार्टी नेपाल र नेपाल मजदुर किसान पार्टीले चुनावी घोषणापत्र सार्वजनिक गरेका छन् । नेपाली कांग्रेसले आइतबार काठमाडौँमा घोषणापत्र सार्वजनिकको तयारी गरे पनि स्थगन गरी यही फागुन ६ गते मधेस प्रदेशबाट सार्वजनिक गर्ने तय गरेको सो पार्टीका प्रवक्ता देवराज चालिसेले जानकारी दिनुभयो । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले फागुन ७ गतेभित्र घोषणापत्र सार्वजनिकको तयारी गरेको सो पार्टीका निर्वाचन प्रचार संयोजक मीनबहादुर शाहीले जानकारी दिनुभयो । नेपाली कम्युष्टि पार्टी (नेकपा), राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चालगायत दलले केही दिन पहिला घोषणपत्र सार्वजनिक गरिसकेका छन् । यही फागुन २१ गते हुने निर्वाचनका लागि घोषणापत्र सार्वजनिक गरी यही फागुन ३ गतेभित्र पेस गर्न निर्वाचन आयोगले निर्देशन दिएको थियो । निर्वाचन आचारसंहिता, २०८२ को दफा ३७ मा निर्वाचनमा सहभागी हुने राजनीतिक दलले निर्वाचन आयोग र पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) तर्फका उम्मेदवारहरुले सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्न राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम निर्देशन दिइएको थियो ।

## जनप्रिय क्याम्पस प्रजातन्त्रवादी प्राध्यापक संघको अध्यक्षमा चालिसे

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन

प्रजातन्त्रवादी प्राध्यापक संघ, जनप्रिय बहुमुखी क्याम्पस एकाइको सातौँ साधारण सभा तथा अधिवेशनले गणेश चालिसेको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ ।

पोखरामा सम्पन्न अधिवेशनले क्याम्पसको प्राज्ञिक र संस्थागत विकासका लागि नयाँ कार्ययोजनासहित आगामी कार्यकालका लागि कार्यसमिति विस्तार गरेको हो । सर्वसम्मत नयाँ कार्यसमिति अधिवेशनले चालिसेको अध्यक्षतामा देहाय बमोजिमको समिति निर्वाचित गरेको छ । यसैगरी उपाध्यक्षमा टोपलाल खनाल, सचिवमा टंकराज बराल, सह-सचिवमा रमेश थापा, कोषाध्यक्षमा मोतिलाल पौडेल रहेका छन् । साथै सदस्यहरूमा शालिकराम अधिकारी, कल्पना गौतम अधिकारी, नारायण त्रिपाठी र हरिहर बराल रहनु भएको




बाँकी अन्तिम पृष्ठमा ▶▶

## एक करोड ९१ लाख मतपत्र छपाइ सकियो, अब करिब १२ लाख बाँकी

**रासस**
काठमाडौं, ३ फागुन

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ६७ जिल्लाका १५५ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ बनाएर ढुवानीका लागि तयारी अवस्थामा राखिएको निर्वाचन आयोगले जनाएको छ ।

आइतबारसम्म एक करोड ९१ लाख २४ हजार मतपत्र छपाइ भएर ढुवानी गर्न तयारी अवस्थामा राखिएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो । बाँकी १० जिल्लाको पनि मतपत्र छपाइ भएको छ भने प्याकिङ बाँकी रहेको उहाँले बताउनुभयो । अब ११ लाख ९९ हजार मतपत्रमात्र छाप्न बाँकी रहेको छ । हालसम्म डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत, बर्दघाट सुस्ता पश्चिम (नवलपरासी), मोरङ, उदयपुर, मुस्ताङ, लमजुङ, तनहुँ, स्याङ्जा, बर्दिया, रुकुम पूर्व, दाङ, बाँके, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), पाल्पा, अर्घाखाँची, प्यूठान, रुपन्देही, रोल्पा, मनाङ, रामेछाप, सिन्धुली, रसुवा, सिन्धुपाल्चोक, कास्की, कपिलवस्तु, दोलखा, नुवाकोट, काभ्रेपलाञ्चोक, धादिङ, मकवानपुर, चितवन र सिराहा गरी ६७ जिल्लाको मतपत्र छपाइ सम्पन्न गरी ढुवानीका लागि तयारी भएको हो । शनिबारसम्म ६६ जिल्लाको मतपत्र छपाइ सकी प्याकिङ गरेर ढुवानीका लागि तयारी अवस्थामा राखिएको थियो । आज थप एक जिल्लाको मतपत्र छपाइ सकी प्याकिङ गरेर ढुवानीका लागि तयारी अवस्थामा राखिएको आयोगले जनाएको छ ।

अब काठमाडौँ उपत्यका वरपरका जिल्लाको मात्र मतपत्र छपाइ बाँकी रहेको जनाइएको छ । अब दुई दिनमा मतपत्र छपाइ सकेर प्याकिङ गरेर ढुवानीका लागि तयारी अवस्थामा राखिने जनाइएको छ । हालसम्म १७ हजार ७२८ बाकस मतपत्र प्याकिङ भइसकेको छ ।

हाल दिनमा करिब एक हजार बाकस मतपत्र प्याकिङ र ११ देखि १५ लाखसम्म मतपत्र छपाइ भइरहेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो । पहिलो चरणमा १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ । गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणाली तर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीको लागि तयारी अवस्थामा राखिएको पनि आयोगले जनाएको छ । प्रत्यक्षतर्फको निर्वाचनका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगले जनाएको छ । माघ १६ गते बिहानदेखि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु भएको हो । छपाइ भएको मतपत्र शुक्रबारदेखि आयोगले पठाउन सुरु गरेको थियो । पहिलो चरणमा कर्णालीमा मतपत्र पठाइएको थियो । गण्डकी, लुम्बिनी र सुदूरपश्चिमप्रदेशका दुर्गम जिल्लामा पनि मतपत्र पठाइएको आयोगले जनाएको छ । सहरी क्षेत्र र सुगम जिल्लामा भने मतपत्र पठाउन बाँकी छ ।


### निर्वाचनको समयमा सामाजिक सञ्जाल प्रयोग गर्दा ध्यान दिऔं ।

- गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन हुँदैन ।
- कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स एआई) को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउन, दुष्प्रचार गर्न, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिकाटिप्पणी गर्न वा गराउन हुँदैन ।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, ला'इभ स्ट्रिमिङ, ट्याग वा मेन्सन गर्न र गराउन हुँदैन ।
- निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने गरी सामाजिक सञ्जालमा झुटा साइट खोल्न वा सञ्चालन गर्न गराउनु हुँदैन ।
- एआईको प्रयोग गरी वा नगरी कुनै दल वा उम्मेदवारविरुद्द कुनैपनि श्रव्य वा श्रव्यदृष्य सामग्री उत्पादन तथा प्रचारप्रसार गर्न गराउन हुँदैन ।
- निर्वाचन आचारसंहिता उल्लङ्घन भएको पाइए तत्काल निर्वाचन आयोग वा विज्ञापन वोर्डमा उजुरी गरौ । निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउनु सहयोग गरौ ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# ६० र ६५ वर्ष माथि उमेर समुह बिच ब्याडमिन्टन प्रतियोगिता सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन

खेलकुदको शहर पोखरामा ज्येष्ठ ब्याडमिन्टन खेलाडीहरुले नमुना प्रर्दशन गर्नु भएको छ।

६० र ६५ बर्ष माथि उमेर समुहका ज्येष्ठ नागरिकहरुले आफै ब्याडमिन्टर प्रतियोगितामा उर्तिदै अन्य उमेर समुहका खेलाडीहरुलाई खेलदकुद प्रतिको लगाव र प्रेरणा दिनु भएको हो।

६० वर्ष प्लस तन्नेरी ब्याडमिन्टन क्लब नेपालको आयोजनामा शनिबारदेखि सुरु भएको प्रतियोगितामा डोटी देखि भोजपुरसम्मका ज्येष्ठ खेलाडीहरु बिच प्रतिष्प्रर्धा हुँदा धादिङका विष्णुलाल श्रेष्ठले पोखरामा आइतबार सम्पन्न तेस्रो ६० प्लस तथा प्रथम ६५ प्लस राष्ट्रिय खुल्ला मेन्स डबल ब्याडमिन्टन प्रतियोगितामा दोहोरो उपाधि हात पार्न सफल हुनु भएको छ। ६० प्लस र ६५ प्लस दुवै विधामा विजेता बन्दै उहाँले दुबै तर्फ प्रथम हुनु भएको हो। ६० प्लस विधातर्फ श्रेष्ठले ललितपुरका दिलबहादुर कन्दङबासँग जोडी बाँध्दै फाइनलमा पोखराका दिलबहादुर पुन र कृष्णबहादुर गुरुङको जोडीलाई पराजित गर्दै उपाधि जित्नु भएको हो। उक्त विधामा पोखराका रमन श्रेष्ठ र नवीन केसी तथा काठमाडौंका पूर्णचन्द्र जोशी र पोखराका प्रेमप्रसाद गुरुङको जोडी तेस्रो हुनुभयो। त्यसैगरी ६५ वर्षमाथि उमेर समूहमा धादिङकै विष्णुलाल श्रेष्ठले पोखराका कृष्ण गुरुङसँग सहकार्य गर्दै भोजपुरका दानबहादुर तामाङ र पोखराका रमेश भट्टचनको जोडीलाई फाइनलमा हराउँदै दोस्रो उपाधि आफ्नो पोल्टामा पार्न सफल हुनु भएको हो।




यस समूहमा पोखराका खेम राना र रामजी बास्तोला तथा इन्द्र गौचन र दूतप्रसाद गुरुङको जोडी संयुक्त रूपमा तेस्रो हुनु भएको हो। प्रतियोगितामा विजेताले नगद ३० हजार, उपविजेताले २० हजार तथा तेस्रो हुने दुई टोलीले जनही १०-१० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो। पुरस्कार वितरण कार्यक्रममा कास्की जिल्ला ब्याडमिन्टन संघका अध्यक्ष शुसिलकुमार श्रेष्ठ, कुमुदिनी होम्स माविका अध्यक्ष अशोक पालिखे, काठमाडौंस्थित ग्यालेक्सी स्कुलका सञ्चालक मथुरा राना, समाजसेवी तथा खेलकुदकर्मी मेजर लक्ष्मीप्रसाद गुरुङ, अधिवक्ता कृष्ण थापा, समाजसेवी दुर्गाबहादुर शाह, खेलकुदकर्मी रमेश भट्टचन, कार्यक्रम संयोजक चीजकाजी गुरुङ, संस्थाका अध्यक्ष माधव पहारी, कोषाध्यक्ष विष्णुप्रसाद श्रेष्ठ र सचिव दुर्गाबहादुर गुरुङ लगायतले पुरस्कार वितरण गर्नु भएको थियो। पोखरा स्पोर्ट्स एण्ड ब्याडमिन्टन क्लबको सभाहलमा आयोजित प्रतियोगितामा डोटी, धनगढी, भोजपुर, चितवन, काठमाडौं, बाग्लुङ, धादिङ, रूपन्देही, कास्की र ललितपुरलगायत क्षेत्रबाट खेलाडीको सहभागिता रहेको थियो। ६० प्लसतर्फ १५ टिम र ६५ प्लसतर्फ १४ टिम सहभागी भएको सचिव दुर्गाबहादुर गुरुङले जानकारी दिनुभयो। संस्थाका अध्यक्ष माधव पहारीको अध्यक्षतामा सम्पन्न भएको हो।

कार्यक्रममा कास्की जिल्ला ब्याडमिन्टन संघका अध्यक्ष शुसिलकुमार श्रेष्ठले संघले आगामी दिनमा ६० वर्षमाथि उमेर समूहका लागि थप प्रतियोगिता आयोजना गर्ने घोषणा गर्नुभयो। जेष्ठ नागरिकलाई शारीरिक रूपमा तन्दुरुस्त राख्ने उद्देश्यसहित ब्याडमिन्टनका पूर्व राष्ट्रिय खेलाडी एवं राखेपका पूर्व सदस्य जयराम हमालको परिकल्पनामा संस्था स्थापना गरिएको हो। संस्थापक अध्यक्ष रुद्रघलेको नेतृत्वमा करिब २० जनाबाट सुरु भएको संस्था हाल ६० सदस्यसम्म पुगेको छ।

संस्थाले गरिब तथा विपन्न वर्गका साथै १३ वर्षमुनिका खेलाडीहरूको ब्याडमिन्टन विकासका लागि सहयोग गर्ने योजना समेत अघि सारेको सचिव गुरुङले पोखरापत्रलाई बताउनु भयो। मे.लक्ष्मी प्रसाद गुरुङले संस्थाको अक्षयकोष स्थापनाको लागि १ लाख १ हजार १ सय १५ रुपैया सहयोग गर्नु भएको उहाँले उल्लेख गर्नुभयो।




बिन्ध्यबासिनी मन्दिरमा दर्शनार्थीः पोखराको धार्मिक तथा पर्यटकीयस्थल बिन्ध्यबासिनी मन्दिरमा आइतबार महाशिवरात्रि पर्वका अवसरमा दर्शनका गर्न आएका दर्शनार्थीहरु। तस्बिरः राधिका कँडेल/रासस

# जावलाखेल युथ क्लब आहा रारा पोखरा गोल्डकपको सेमिफाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन

जावलाखेल युथ क्लव २५ औं आहा ! रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिता-२०८२ को सेमिफाइनलमा प्रबेश गरेको छ।

पोखरा रंगशालाको फुटबल मैदानमा आइतबार भएको दोश्रो क्वाटरफाइनल खेलमा जावलाखेलले चर्च व्वाइज यूनाइटेडलाई ३–० को गोल अन्तरले पराजित गर्दै अन्तिम चारमा स्थान बनाएको हो।

जावलाखेलको जितमा धर्मेन्द्र कुवंर, निकोलस ओडेन ह्यामिल्टन र सुजन गुरुङले एक /एक गोलको योगदान दिनुभयो। पहिलो हापमा दुबै तर्फ गोल हुन सकेन भने दोश्रो हापको चौथो मिनेटमै जावलाखेलले अग्रता लिएको हो। जावलाखेलका कुवंरले खेलको ४८ औं, निकोलसले ८८ औं र गुरुङले इन्जुरी समयमा (९० प्लस १ मा मिनेटमा) गोल गर्नु भएको हो। गत वर्ष नेपाल पुसिल क्लवसंग पराजित हुदै सेमिफाइनल खेलमा बाहिरिएको चर्च व्वाईज यसपाली धरानबाट हतार हतारमा पोखरामा आएको पहिलो खेलबाट बाहिरिनु पर्‍यो। चर्चका प्रशिक्षक सुमन श्रेष्ठले धरानमा हिजो खेलेर आज विहान मात्र आएको खेलाडीहरुले थकानका कारण उत्कृष्ट खेल प्रर्दशन गर्दा गर्दै हार्‍ पुगेको बताउनु भयो। जावलाखेलका प्रशिक्षक सुनिल कुमार श्रेष्ठले आफुहरुसंग अनुभवी युवा खेलाडीहरु भएकोले आजको खेलमा सन्तोसजनक प्रर्दशन गरेको बताउनु भयो। खेलमा जावलाखेलका निकोलस म्यान अफ दी म्याच घोषित हुनु भयो। आजको खेलमा पोखरामा हल्का पानी परेको थियो। यसैबिच, सोमबार तेश्रो क्वाटरफाइनल खेलमा मनाङ मर्स्याङ्दी क्लव र भारत सिक्किमको थण्डरबोल्ट नर्थ युनाइटेड बिच खेल हुने प्रतियोगिताका संयोजक पूर्णबहादुर गुरुङले बताउनु भयो। अन्य दिनको तुलनामा आइतबारको खेलमा दर्शक सहभागिता केही उत्साहजनक रहेको सहारा क्लवका अध्यक्ष केशवबहादुर थापाले बताउनुभयो। यही फागुन ९ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा विदेशका तीन र नेपालका नौ गरी १२ टोली सहभागी छन्। प्रतियोगिताको च्याम्पियन टोलीले रु १४ लाख एक हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार पाउँदा उपविजेताले रु सात लाख एक हजारसहित ट्रफी पाउने आयोजकले जनाएको छ।

# फोटो पत्रकार अक्षयकोषमा फोटो पत्रकार मिलन तमुको २० हजार सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन

नेपाल फोटो पत्रकार संघ (एनपिजेए) कास्कीले सञ्चालन गरेको 'फोटो पत्रकार अक्षयकोष' मा यूकेबाट सञ्चालित गोर्खा मिडियाका प्रवन्ध निर्देशक फोटो पत्रकार मिलन तमुले आर्थिक सहयोग गरेका छन्।




कास्कीको माछापुच्छे गाउँपालिका ५ रिभान जन्मथलो भई यूकेलाई कर्मथलो बनाएका तमुले अक्षयकोषका लागि नगद २० हजार रुपैयाँ सहयोग गरेका हुन्। सहारा क्लब पोखराले सञ्चालन गरेको आहा रारा पोखरा गोल्डकपमा सहभागी भएको समयमा तमुले नेपाल फोटो पत्रकार संघ, कास्कीका अध्यक्ष राम गुरुङलाई उक्त रकम हस्तान्तरण गरेका हुन्।

तमु धिं यूके र सहारा यूकेको मिडिया तथा फोटो संयोजक समेत रहेका फोटो पत्रकार तमु आहा रारा पोखरा गोल्डकपका लागि नेपाल आएका हुन्। नेपाल आएको समयमा उनले विभिन्न ठाउँमा सामाजिक सेवा पनि गरिरहेका छन्। सहारा क्लबले २५ औं आहा रारा गोल्डकप फुटबल प्रतियोगिताको अवसरमा शनिबार उनलाई रजत जयन्ती सम्मान गरेको थियो। प्रतियोगिताको विकास र प्रवर्द्धनमा फोटो पत्रकारिताको माध्यमबाट विशेष योगदान पुर्‍याएको भन्दै क्लबले फोटो पत्रकार तमुलाई सम्मान गरेको हो। उनलाई माला, दोसल्ला र सम्मान पत्रसहित सम्मानित गरियो। रकम ग्रहण पछि एनपिजेए कास्कीका अध्यक्ष राम गुरुङले अक्षयकोष दातालाई धन्यवाद दिदैं यस्तै सहयोगले कोषको लक्ष्य पूरा गर्न मद्दत पुग्ने बताए। उक्त रकम फोटो पत्रकार हरुको वृत्तिविकासमा खर्च गरिने उनको भनाइ थियो।

कोषमा विभिन्न क्षेत्रका समाजसेवी, बुद्धिजीवी र संघसंस्थाहरुबाट सहयोग जुट्ने क्रम जारी छ।

# टी-२० विश्वकपः नेपाल समूह चरणबाट बाहिरियो

**रासस**
काठमाडौं, ३ फागुन

आइसिसी टी-२० विश्वकपअन्तर्गत आइतबार भएको तेस्रो खेलमा वेस्ट इन्डिजसँग नौ रनले पराजित हुँदै नेपाल समूह चरणबाट बाहिरिएको छ।

लगातार तीन पटक पराजित नेपाल समूह चरणबाट बाहिरिएको हो। यसअघि इटाली र इङ्ल्यान्डसँग भएका खेलमा नेपाल पराजित भएको थियो।

भारतको मुम्बईस्थित वानखेडे रङ्गशालामा आइतबार भएको खेलमा नेपालले दिएको १३४ रनको लक्ष्य वेस्ट इन्डिजले १५.२ ओभरमा एक विकेटको क्षतिमा पूरा गरेको हो।

# जनप्रिय ...

छ। नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई निर्वाचन समितिका सदस्य एकनारायण अर्यालले पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै जनप्रिय क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष नम्रता बरालले प्रजातन्त्रवादी प्राध्यापक सङ्घलाई क्याम्पसको समग्र विकासको 'मेरुदण्ड'का रूपमा चित्रण गर्नुभयो। "संस्थाको श्रीवृद्धिमा यस सङ्घले ऐतिहासिक भूमिका खेल्दै आएको छ," उहाँले भन्नुभयो, "आगामी दिनमा नयाँ नेतृत्वले थप रचनात्मक र प्राज्ञिक गतिविधिमा जोड दिनेछ भन्ने मेरो विश्वास छ।" त्यस्तैगरी विशिष्ट अतिथि एवं क्याम्पस प्रमुख कृष्णबाबु बरालले प्राध्यापकहरूको हकहित र शैक्षिक गुणस्तर सुधारका लागि संघले पुलको काम गरिरहेको उल्लेख गर्नुभयो।

पब्लिक क्याम्पस प्राध्यापक संघका सभापति नरेश बरालले लोकतान्त्रिक मूल्य-मान्यतालाई शैक्षिक क्षेत्रमा संस्थागत गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। संघका पूर्व अध्यक्ष पितृराज बास्तोला तथा पूर्व अध्यक्ष एवं निर्वाचन समिति संयोजक वेदहरि तिमिल्सिनाले संघले सधैँ लोकतन्त्रको रक्षा र क्याम्पसको वृत्तिविकासमा पहरेदारको भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाउनुभयो।

एकाइका कार्यबाहक सभापति गणेश चालिसेको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा दिब्यालक्ष्मी चालिसेले स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रमको सञ्चालन सचिव शिलु चालिसेले गर्नुभएको थियो। नवनिर्वाचित अध्यक्ष चालिसेले सबै पक्षलाई समेटेर क्याम्पसको गरिमा उच्च बनाउन आफू प्रतिबद्ध रहेको बताउँदै कार्यक्रम समापन गर्नुभएको थियो।

# मुस्ताङबाट छ महिनामा चार हजार चार सय ९१ केजी फोहर निकासी

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ३ फागुन

मुस्ताङबाट चालु आर्थिक वर्षको छ महिनामा चार हजार ३९१ केजी फोहरमैला जिल्ला बाहिर निकासी गरिएको छ। यहाँस्थित वारागुङ मुक्तिक्षेत्र, घरपभ्फोङ र थासाङ गाउँपालिकामा सङ्कलित फोहरमैलालाई अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोमले जिल्ला बाहिर पठाएको हो।

धार्मिक तथा पर्यटकीय हिमाली जिल्ला मुस्ताङलाई स्वच्छ, सफा र वातावरणमैत्री तुल्याउने उद्देश्यले एक्यापले गत आर्थिक वर्षदेखि यहाँका समुदायले सङ्कलन गरेको फोहरमैलालाई ट्रकमार्फत ढुवानी गरी पोखरा पठाउन थालेको एक्याप जोमसोमका कार्यालय प्रमुख राजेशप्रसाद गुप्ताले जानकारी दिनुभयो। एक्यापले मुस्ताङको तल्लो क्षेत्रमा समुदायले सङ्कलन गरेको नकुहिने प्लास्टिकजन्य फोहरमैला उठाएर पुनः प्रयोगका लागि पोखरास्थित ग्रीन वेस्ट मेनेजमेन्ट प्रालिमा निकासी गरेको कार्यालय प्रमुख गुप्ताले उल्लेख गर्नुभयो। चालु वर्षको पुससम्म यहाँ सङ्कलित फोहर चारपटक ट्रकमा ढुवानी गरी पोखरा पठाइएको प्रमुख गुप्ताको भनाइ छ। मुस्ताङमा पर्यटन व्यवसायी तथा स्थानीय समुदायस्तरबाट सङ्कलन भएको नकुहिने फोहरलाई एक्याप जोमसोमले ट्रकको ढुवानी गरिएको भाडा आफ्नै आर्थिक खर्च व्यवस्थापन गरी पोखरास्थित प्रशोधन केन्द्रमा पठाउने गरेको प्रमुख गुप्ताले जानकारी दिनुभयो।

यस वर्ष पहिलो चरणमा गत भदौ ११ गते १७६ बोरा अर्थात् ५४४ केजी, दोस्रो चरणमा कात्तिक १९ गते १५४ बोरा अर्थात् ८६० केजी, तेस्रो चरणमा मङ्सिर ७ गते २४२ बोरा अर्थात् १५३ केजी र चौथो चरणमा पुस ९ गते १७२ बोरा अर्थात् एक हजार ३५१ केजी फोहर पोखरामा निकासी गरिएको हो। यसैगरी गतवर्ष एक्याप जोमसोमले यहाँको तीन पालिकामा पर्यटन व्यवसायी तथा समुदायले सङ्कलन गरेको दश हजार १९० केजी फोहर ट्रकमा ढुवानी गरी पोखरास्थित ग्रीन वेस्ट मेनेजमेन्ट प्रशोधन केन्द्रमा पठाएको थियो। यसअघि मुस्ताङमा सङ्कलन हुने नकुहिने प्लास्टिकजन्य फोहर व्यवस्थापनका लागि एक्याप र ग्रीन वेस्ट मेनेजमेन्ट प्रालिबीच फोहर व्यवस्थापन गर्नेसम्बन्धी सहमति गरेको थियो। एक्याप प्रमुख गुप्ताका अनुसार मुस्ताङमा सङ्कलन हुने फोहरलाई सम्बन्धित स्थानमा पुर्‍याउन ढुवानीको साधन व्यवस्थापन गर्नमा समस्या परिरहेको बताउनुभयो। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको स्वामित्वमा रहेको मुस्ताङमा यहाँको वातावरणलाई चुस्त राख्ने उद्देश्यले फोहरमैला व्यवस्थापन गर्नका लागि चालु आवमा यहाँका तीन पालिकाले रु पाँच-पाँच लाख बजेट विनियोजन गरिएको प्रमुख गुप्ताले बताउनुभयो। एक्यापले दिएको फोहरमैला व्यवस्थापन शीर्षकको बजेटमा रहेर यहाँको घरपभ्फोङ गाउँपालिकाले ट्याम्पो खरिद गरेको छ। वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाले सङ्कलित फोहरलाई थिच्ने कम्प्रेसर मेसिन खरिद गरेको छ भने थासाङ गाउँपालिकाले फोहरमैला शीर्षकमा छलफलको चरणमा रहेको एक्यापले जनाएको छ।

त्यसैगरी, जिल्लामा पर्यटक तथा स्थानीय नागरिकबाट हुने फोहरमैलाको समुचित व्यवस्थापनका लागि यहाँका तीन पालिकामा एक्याप फोहर सङ्कलन केन्द्र पूर्वाधार निर्माण गरेको जनाएको छ। एक्यापले यहाँको थासाङ-४ घाँसा, थासाङ-३ लेते र धम्पु, थासाङ-२ कोवाङ, थासाङ-१ टुकुचे, घरपभ्फोङ-३ स्याङ, घरपभ्फाङ-१ छैरो, वारागुङ मुक्तिक्षेत्र-४ कागबेनी र वारागुङ मुक्तिक्षेत्र-४ मुक्तिनाथमा फोहरमैला सङ्कलन केन्द्र पूर्वाधार निर्माण गरेको जनाएको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनाबारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ । – अज्ञात

## सम्पादकीय

# महिलालाई उमेदवार बनाउन कन्जुस्याइँ

महिला समानता र अधिकारको पैरवी गर्ने दलहरुले प्रत्यक्षमा उमेदवार बनाउन निकै कन्जुस्याई गरेका छन् । उमेदवार घोषणा गर्नु अघि गफ दिने ठूला दलले प्रत्यक्षमा महिलाको उम्मेदवारीलाई बेवास्ता गर्दै ११ प्रतिशतमै सीमित गरे । प्रतिनिधि सभामा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्नुपर्ने संवैधानिक प्रावधानको औपचारिकता पूरा गर्न समानुपातिकबाट पूरा गरेका छन् । दलहरूले बुझाएको अन्तिम बन्दसूचीमा पुरुषको तुलनामा महिलाको संख्या बढी देखिनुले दलहरूमा महिलाले प्रत्यक्ष चुनाव जित्न सक्दैनन् भन्ने सोच रहेको प्रस्ट हुन्छ । यसले राजनीतिको निर्णायक तहको जिम्मेवारी अझै पनि महिलालाई दिन नचाहेको देखाउँछ ।महिलालाई उमेदवार बनाएको विरोधमा सिङ्गो जिल्ला कमिटी अर्को पार्टीमा प्रवेश गरेकै छनामहिलालाई उमेदवार बनाउने होइन भोट बैंक मात्र बनाउने कमजोर मानसिकता हो । लैङ्गिक समानता प्राथमिकतामा रहेको बताउँने तर व्यवहारमा भने प्रत्यक्ष निर्वाचनमा महिलालाई अविश्वास गर्ने प्रवृत्ति फेरिएको छैन । जरा गाडेर बसेको छ भन्ने देखाउँछ ।

प्रत्यक्ष निर्वाचित हुने १६५ निर्वाचन क्षेत्रमा कुल ६८ राजनीतिक दलका तर्फबाट दुई हजार २९७ र स्वतन्त्र एक हजार १८७ गरी तीन हजार ४८४ जनाले मनोनयन दर्ता गरेका छन्। जसमा ३९५ जना मात्र महिला उम्मेदवार छन् । यो ११.३४ प्रतिशत हो । प्रमुख राजनीतिक दल नेपाली कांग्रेस र नेकपाले ११/११ जना तथा नेकपा एमालेले १० जना मात्र महिला उम्मेदवार उठाएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सबैभन्दा धेरै अर्थात् १६ जना महिला उम्मेदवार उठाएको छ । यो पनि कुल सङ्ख्याका तुलनामा कम नै हो। समानुपातिकतर्फको जम्मा उम्मेदवारीमा महिला उम्मेदवारको सङ्ख्या एक हजार ७७२ रहेको छ भने पुरुष उम्मेदवार एक हजार ३६३ जना छन् । संविधानको धारा ८४ (८) मा 'सङ्घीय संसद्मा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्ने' व्यवस्था छ । प्रत्यक्षतर्फ महिलाको कम प्रतिनिधित्व हुने दलहरूले समानुपातिकबाट सो प्रतिनिधित्व पूरा गर्ने परिपाटी छ । नेपालको संविधान २००७२ को धारा ३८ को उपधारा ४ मा भनिएको छ, 'राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक छ' । संविधानको यो व्यवस्था संविधान कार्यान्वयनमा आएको १० वर्ष बितिसक्दा पूर्णतः कार्यान्वयन हुन सकेको छैन । प्रतिनिधि सभाको प्रत्यक्ष निर्वाचनको उम्मेदवारी हेर्दा महिलाको उपस्थिति निराशजनक देखियो । प्रत्यक्षतर्फको सिट पुरुषलाई नै छुट्याउने र महिलालाई समानुपातिकमा सीमित गर्ने प्रवृत्ति स्थापित भएकाले प्रत्यक्षतर्फको सिटमा महिलाको समान पहुँच अझै पुग्न सकेको छैन । सक्षम महिलाहरू पनि समानुपातिकमा बस्न रुचाउनु सोचनीय विषय हो ।

यसअघि २०७९ सालको निर्वाचनमा देशभर प्रत्यक्षतर्फ दुई हजार ४२२ उम्मेदवार कायम रहेका थिए, जसमध्ये महिला उम्मेदवारको संख्या २२५ जना मात्र थियो । सो संख्याबाट नौ जना महिला मात्र संसद्मा पुग्न सफल भएका थिए । संविधानले समावेशी समानुपातिक व्यवस्था गरेका कारण महिला सांसदको समग्र संख्या बढेको भए पनि प्रत्यक्ष निर्वाचित हुने महिला सांसदको संख्या प्रजातन्त्रको पुनर्स्थापनापछि अझै खस्केको छ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११४ मा महिला उम्मेदवारका सम्बन्धमा व्याख्या गरेपछि प्रत्यक्ष महिला उम्मेदवार अनिवार्य उठाउने प्रचलन बसेको हो । सो संविधानले प्रतिनिधि सभाको लागि हुने निर्वाचनमा प्रत्येक राजनीतिक सङ्गठन वा दलका उम्मेदवारमध्ये कम्तीमा पाँच प्रतिशत महिलाको उम्मेदवारी अनिवार्य गरेको थियो । त्यसपछि भएको २०४८ सालको निर्वाचनमा सात जना महिला सांसद निर्वाचित भएका थिए । २०५० सालमा सम्पन्न उपनिर्वाचनमा थप एक जना महिला उम्मेदवार विजयी भएका थिए ।

यसै गरी २०५१ सालमा सम्पन्न निर्वाचनमा पनि ८६ जना महिला उम्मेदवार थिए । तीमध्ये सात जना विजयी भएका थिए । २०५६ सालमा त यो संख्या बढेर १२ पुगेको थियो । २०५६ सालमा सम्पन्न आमनिर्वाचनमा विभिन्न राजनीतिक दलबाट ११७ र स्वतन्त्रबाट २६ गरी कुल १४३ जना महिला उम्मेदवार थिए, जसमध्ये १२ जना विजयी भएका थिए । २०६४ सालमा सम्पन्न संविधान सभाको पहिलो निर्वाचनमा २०४७ सालको संविधानको प्रावधान हटाइ ३३ प्रतिशतको अवधारणा ल्याइयो । त्यसबेला निर्वाचित ६०१ जना कुल सभासदध्ये १७४ जना महिला समानुपातिकबाट र २९ जना प्रत्यक्षबाट निर्वाचित भए । त्यसपछि २०७० सालमा सम्पन्न दोस्रो संविधान सभाको निर्वाचनमा ११ जना प्रत्यक्ष, १६२ समानुपातिक र मनोनित चार जनालगायत कुल १७७ जना महिला निर्वाचित भएका थिए । यसै गरी संविधान बनेपछि २०७४ सालमा भएको पहिलो सङ्घीय निर्वाचनमा त झन् प्रत्यक्ष निर्वाचित महिलाको संख्या ६ मा सीमित भएको थियो । २०७४ को प्रतिनिधि सभा निर्वाचनमा विभिन्न दलबाट १२९ महिला उम्मेदवार थिए । संविधान र कानुनको मर्म विपरीत चल्दा यो अवस्था आएको हो । नयाँ सार्वजनिक व्यपस्थापन, लोकतन्त्र, समावेशी र बहुलवादको अभ्यास हुन थालेको हाम्रो मुलुकमा महिलाले कार्यकारी पद र अर्थपूर्ण भूमिकाका लागि अझै प्रयास पुगेको छैन । केही महिला संख्यामा देखिने गरी उच्च तहमा पुग्दैमा आम महिलाको हित, सशक्तीकरण, सामाजिक परिवर्तन र विकास हुँदैन । महिलाको संख्यात्मक सहभागिता बढाउन मात्र नभई सो ठाउँमा पुगेकालाई महत्वपूर्ण जिम्मेवारी दिन आवश्यक छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : आर्थिक समस्या | मकर | : शारीरिक झमेला |
| सिंह | : शत्रुको भय | कुम्भ | : मानसिक तनाव |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# बोड्गाखोलामा पुल निर्माण थालियो

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ माघ

एक वर्षदेखि निर्माण व्यवसायी सम्पर्कविहीन बनेपछि अलपत्र बनेको बोङ्गाखोला पुलको काम थालिएको छ ।

बागलुङको तमानखोला गाउँपालिका–१ बोङ्गादोभानमा निर्माणाधीन मोटरेबल पुलको काम गत चैतदेखि रोकिएको थियो । पुल निर्माणको जिम्मा पाएको कान्तिपथ कन्ट्रक्सनले अहिले पेटी ठेकेदारलाई काम गर्ने जिम्मा दिएपछि निर्माण सुरु भएको हो । निर्माण कम्पनी समय–समयमा सम्पर्कविहीन हुँदा करोडौंको योजना अलपत्र पर्दै आएको थियो ।

विसं २०७७ पुस १६ गते सडक डिभिजन कार्यालय बागलुङसँग सम्झौता गरी काम सुरु भएको थियो । विसं २०७९ चैत ३० गतेसम्म निर्माण सम्पन्न गरिसक्नुपर्ने भए पनि हालसम्म करिब ५१ प्रतिशत मात्रै काम भएको सडक डिभिजन कार्यालयले जनाएको छ ।

दुई वर्षमा निर्माण गरि सक्नुपर्ने पुल समयावधिसम्म नसकेपछि गत वर्ष चैत ३० गते एक वर्षका लागि म्याद थप गरेको सडक डिभिजन कार्यालयका इन्जिनियर अमर अधिकारीले बताउनुभयो ।

# रास्वपाको नागरिक करारपत्र सार्वजनिक

**रासस**
काठमाडौं, ३ माघ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले नागरिक करारपत्र सार्वजनिक गरेको छ । सो पार्टीले नागरिकको मतलाई लगानीको रूपमा परिभाषित गर्दै पाँच वर्षभित्र ठोस प्रतिफल दिने वाचासहित आज नागरिक करार अवधारणा सार्वजनिक गरेको हो ।

आफ्नो चुनावी अभियानका क्रममा 'मतदातासँग करार गर्ने' नयाँ अभ्यासको थालनी गर्दै रास्वपाले सो नागरिक करारपत्र देशभरका उम्मेदवारलाई वितरण गर्ने भएको छ । करारपत्रमा पार्टीका पाँच प्राथमिकता र लक्ष्य निर्धारण गरिएका छन् । पहिलो प्राथमिकतामा सदाचार र असल शासन अन्तरगत सरकारी सेवाको सर्वव्यापी डिजिटल डेलिभरीसहित ट्रान्सपरेन्सी इन्टर नेसनलको भ्रष्टाचार सूचकाङ्कमा भारी सुधारको लक्ष्य तोकिएको छ। दोस्रो प्राथमिकतामा मध्यमवर्गीय विस्तार छ । यस अन्तरगत औसत प्रतिव्यक्ति आय तीन हजार डलर पुर्‍याउने र कुल गार्हस्थ उत्पादनको आकार १०० अर्ब डलर पुर्‍याउने लक्ष्य निर्धारण गरिएको छ । जन्मदेखि मृत्युसम्म आवश्यकतामा आधारित एकीकृत सामाजिक सुरक्षाको ग्यारेन्टी पनि रास्वपाले गरेको छ । यसैगरी, आधुनिक बैङ्किङसहित वित्तीय सेवामा सबै नागरिकको पहुँचलगायत सख्त नियमनभित्रको सहकारी र लघुवित्त, मिटर ब्याज शोषणको अन्त्य गर्ने करारपत्रमा उल्लेख छ । नागरिक करारपत्रमा भनिएको छ, "वंशजको नागरिकताको निरन्तरता र सार्वभौम डायस्पोरा फण्डको कार्यान्वयन गरिनेछ, तपाईंहरुले हामीलाई एकल बहुमत दिलाएको अवस्थामा पनि करार बमोजिमका सर्त डेलिभरीसहित पाँच वर्षभित्र बुझाउन नसकी तपाईं नागरिकलाई मर्का पर्न गएमा संविधान, मौजुदा कानुन र सामाजिक करारअनुसार हाम्रो 'राजनीतिक नैतिकता र पद'बाट अर्को पटकको निर्वाचनमा सजाय दिई असूल उपर गरी लिनुहोला ।

यसमा हाम्रो पार्टीका सम्पूर्ण सदस्यको मन्जुरी छ ।" रास्वपाले १२ लाख नयाँ रोजगारी सिर्जना गर्ने प्रतिबद्धतासमेत जनाएको छ । सूचना प्रविधि, निर्माण, पर्यटन, कृषि, खनिज, उद्योग र सेवा व्यापारमा ती रोजगारी सिर्जना गरिने करारपत्रमा उल्लेख छ । यस्तै, १५ हजार मेगावाट विद्युत् जडित क्षमता र ३० हजार किलोमिटर राष्ट्रिय राजमार्ग निर्माणको लक्ष्य छ । दश राष्ट्रिय महत्वका सिमेचर आयोजना सम्पन्न गर्ने करारपत्रमा उल्लेख छ । रास्वपाले विदेशमा बस्ने नेपालीलाई अनलाइन मताधिकार दिलाउने वाचा गरेको छ ।

# गैँडाकोट मेयर कपमा सुदूरपश्चिम सेमिफाइनलमा

**रासस**
नवलपरासी, ३ माघ

नवलपरासी (बर्दघाट–सुस्तपूर्व) को गैँडाकोटमा जारी पाँचौँ गैँडाकोट मेयर कप राष्ट्रिय टी–ट्वान्टी क्रिकेट प्रतियोगितामा सुदूरपश्चिम प्रदेशको टोली सेमिफाइनलमा प्रवेश गरेको छ ।

आइतबार भएको खेलमा सुदूरपश्चिमले कोशी प्रदेशलाई ६१ रनले पराजित गर्दै सेमिफाइनल प्रवेश गरेको हो । टस जितेर पहिले बलिङ रोजेको सुदूरपश्चिमले निर्धारित २० ओभर खेल्दै छ विकेटको क्षतिमा १६० रनको योगफल तयार पारेको थियो । १६१ रनको विजय लक्ष्यसहित जवाफी ब्याटिङमा उत्रिएको कोशीले १९ दशमलव एक ओभर खेल्दै १० विकेटको क्षतिमा ९९ रन मात्रै बनाउन सफल भयो । सुदूरपश्चिमको सेमिफाइनल यात्राका लागि आशिष तिरुवाले ४७ रनको योगदान दिए । तिरुवाले २८ बलमा चार छक्का र तीन चौका प्रहार गरेका थिए। सुदूरपश्चिमका लागि टेक रावतले २४ बलमा दुई छक्का र तीन चौकासहित ३८, कप्तान किरन ठगुन्नाले २४ बलमा अविजित रहँदै दुई छक्का र एक चौकासहित २८, लोकेन्द्र चन्दले २५ बलमा तीन चौकासहित २० रनको योगदान दिए । यस खेलमा कोशी प्रदेशका ज्ञानेन्द्र श्रेष्ठले दुई, श्रवन किस्कु, रोहन शाह, कृतिक कमातले एक/एक विकेट लिए । कोशीका लागि कृतिक कमातले १७ बलमा एक छक्का र एक चौकासहित १९, गौरव कटवालले २५ बलमा एक छक्का र एक चौकासहित १८ रनको योगफल तयार पारे । कप्तान शाकिब हकले १९ बलमा १६, भूपाल दङ्गालले १८ बलमा १३ को योगदान दिँदा अन्य ब्याटरहरुले दोहोरो अङ्क जोड्न सकेनन् । कोशीलाई सस्तैमा समेट्ने क्रममा सुदूरपश्चिमका कैलाश ऐर, सौर्य श्रेष्ठ र लोकेन्द्र चन्दले दुई/दुई विकेट लिए ।

आजको खेलमा सुदूरपश्चिमका आशिष तिरुवा 'म्यान अफ दी म्याच' घोषित भए । सुदूरपश्चिम प्रदेशले उपाधि भीडन्तमा स्थान सुरक्षित पार्न सोमबार मधेस प्रदेशसँग सेमिफाइनल खेल्नेछ ।

जिल्लाकै ठूलो धन राशिको राष्ट्रिय टी–ट्वान्टी क्रिकेट प्रतियोगितामा सात प्रदेशका सात वटा तथा आयोजक एक गरी आठ वटा टोलीको सहभागिता रहेको छ । प्रतियोगिताको विजेताले उपाधिसहित रु तीन लाख तथा उपविजेताले रु दुई लाख पुरस्कार पाउनेछन् ।

# शिवालयमा भक्तजन भेटघाट र आशिर्वाद लिदैं उम्मेदवार आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन



कास्कीको निर्वाचन क्षेत्र नं. २ नेकपा एमालेबाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार रश्मी आचार्यले धार्मिक पर्वहरुले सामाजिक एकता, संस्कृतिको संरक्षण र राष्ट्रिय पहिचान मजबुद बनाउने बताउनु भएको छ ।

शिवरात्री पर्वको अवसरमा निर्वाचन क्षेत्र अन्तर्गतका विभिन्न शिवालयमा पुजाअर्चना गर्दै मन्दिरमा दर्शनका लागि लामबद्ध भक्तजनहरुसंग भेटघाट सहित आशिर्वाद लिदै उहाँले धर्म, संस्कृति र प्रकृतिप्रति जिम्मेवार भएर लाग्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

मुलुकमा बढेको वेथितीको अन्त्य गरि समृद्धि नेपाल, सुखी नेपालीको आकांक्षा पुरा गर्नका लागि आफ्नो उम्मेदवारी भएको उल्लेख गर्दै उहाँले जनभावना अनुसारको विकास निर्माणमा जोड दिने विश्वास व्यक्त गर्नुभयो । पोखरा महानगरपालिका वडा नं. १७ सितापाईलास्थित ऐतिहासिक सदा शिव सिद्धेश्वर हरिहर मन्दिरमा दर्शन सहित पुजाआराधना गर्दै उहाले धार्मिक क्षेत्रको विकास र प्रचार प्रसादमा जोड दिनु पर्ने आवश्यकता औल्याउनुभयो। मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र शर्मा भण्डारीले १८६४ साल भन्दा निर्माण गरिएको मन्दिरको पोखरा १७ विरौटास्थित २९ रोपनी १२ आना जग्गा गुठी रहेको बताउँदै यस क्षेत्रको विकासमा तीनै तहका सहकार र स्थानीय सामाजिक व्यक्तित्वहरुको निरन्तर सहयोग रहदै आएको जानकारी दिनुभयो ।

सो अवसरमा उम्मेदवार आचार्यले सिताघाट बाटो निर्माण तथा घाट व्यवस्थापन समितिले गरेको निर्माणका वारेमा पनि स्थलगत अवलोकन गर्दै गर्दा सेतीनदीमा स्नान गर्न पुगेका भक्तजनले बाटो निर्माणले सहज बनेको धारणा राख्नु भएको थियो । आइतबारनै उहाँले पोखरा १७ रातोपैह्रास्थित ओमकारेश्वर महादेव मन्दिर, पर्यटकीय क्षेत्र छोरेपाटनमा अवस्थित गुप्तेश्वर महादेव गुफा, पशुपति मन्दिर, ओमशान्ति रानीपौवा, लगायतका विभिन्न शिवालयहरुमा पुगेर भक्तजनसंग भेटघाट गर्नुभएको थियो । विहानदेखि सेतीनदीमा स्नान गर्ने र शिवालयहरुमा गाईको दुध तथा वेलपत्र चढाउने भक्तजनहरुको उल्लेखनिय सहभागिता रहेको थियो ।

# शिवरात्रीको अवसरमा लामाचौरमा शिव दर्शन यात्रा, घार्मीमा शिव महिमा

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन



पोखराको लामाचौरमा शिव दर्शन यात्रा गरिएको छ । महाशिवरात्री पर्वको अवसरमा नवआदर्श सामुदायिक विकास समाजले सातौँ संस्करणको सो यात्रा गरेको हो ।

पोखराका वडा नं. १६ र १९ मा रहेका शिव मन्दिरलाई केन्द्रीत गरी भएको यात्रा पवित्र सेती नदी किनारमा अवस्थित गोस्तेघाटको सर्वेश्वर शिव मन्दिरबाट शुरु भई सुरेश्वर, जलेश्वर, महेन्द्रेश्वर शिवालय हुँदै, कर्णेश्वर शिवालयमा पुगेर सम्पन्न भएको समाजका सहसचिव राजकुमार पौडेलले जानकारी दिए । समापन कार्यक्रममा समाजका अध्यक्ष दिनेश भण्डारीले शिवयात्रामा सहभागि विभिन्न धार्मिक संघ संस्थालाई धन्यवाद दिंदै, धार्मिक जागरण र चेतनाले नै समाज सुसंस्कृत बन्ने बताए ।यात्रामा सहभागि पोखरा १९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले यस क्षेत्रका धार्मिक सम्पदाको प्रचार प्रसारमा यस कार्यक्रमले महत्वपुर्ण भुमिका खेलेको बताउँदै, समाजको प्रशंसा गरे ।

विहान ७ बजेबाट शुरु भएको यात्रा करिव ४ घण्टासम्म चलेको थियो ।शिव पार्वतीको झाँकि, भजन किर्तन र पञ्चेबाजासहितको यात्रामा विश्व हिन्दु महासंघ, राष्ट्रिय परोपकार महासंघ, ओम शान्ति, ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय,माता कल्याणी केन्द्र, शुक्ला साहित्य प्रतिष्ठान, ईन्द्रराज्यलक्ष्मी माविका विद्यार्थी, शिवालय समिति, आमा समुह लगायतका बिभिन्न संघ संस्था र भजन समुहको सहभागिता रहेको थियो । विगत सात बर्षदेखि समाजले निरन्तर रुपमा शिव दर्शन यात्रा गर्दै आउको छ ।यसैबिच ओमकारेश्वर महादेव मन्दिर, घार्मीमा भगवान शिवको महिमा प्रस्तुत गरिएको छ । बालाचर्तुदशी र महाशिवरात्री पर्व बिशेष रुपमा मनाईने मन्दिरमा भगवान शिवको पुजा आराधना गर्नेको बिहानै देखि भिड लागेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ढुण्डीराज पौडेलले जानकारी दिए । भगवान शिवका बिभिन्न रुप र शिवरात्री पर्वको बारेमा सहभागि धार्मिक गुरुहरुले प्रवचन समेत दिएका थिए ।मन्दिर परिसरमा स्थानीय भजन समुहले भजन किर्तन समेत गरेका छन् ।

# भ्रामक सूचनाको पछि नलागि एचपिभी खोप लगाउन आग्रह

**रासस**
काठमाडौं, ३ फागुन

सरकारले किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप लगाउन आग्रह गरेको छ ।

राष्ट्रिय खोप सल्लाहकार समितिका अध्यक्ष प्रा डा रमेशकान्त अधिकारीले भ्रामक सूचनाको पछि नलागि किशोरीहरुलाई खोप लगाउन आग्रह गर्नुभएको हो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गत माघ २५ देखि यही फागुन १५ गतेसम्म देशभरिका कक्षा ६ मा पढ्ने र विद्यालय बाहिर रहेका १० वर्ष उमेर समूहका किशोरीलाई खोप लगाउने अभियान सुरु गरेको छ । "आधारहिन हल्ला र भ्रममा नलागौँ । अरुका कुरा सुनेर आफ्ना बालिकाको स्वास्थ्यसँग खेलवाड नगरौँ । आफ्नो स्वास्थ्यको संरक्षणका लागि खोप लगाऔँ", अध्यक्ष प्रा डा अधिकारीले भन्नुभयो, "एचपिभी खोप विश्व स्वास्थ्य सङ्गठनबाट मान्यता प्राप्त तथा औषधि व्यवस्था विभाग, नेपालबाट स्वीकृत सुरक्षित खोप हो ।" अभियानअन्तर्गत गत वर्षको एचपिभी खोप अभियानमा छुटेका हाल कक्षा ७ देखि १० सम्म पढ्ने छात्रा र ११ वर्षदेखि १४ वर्ष उमेरका विद्यालय बाहिरका किशोरीलाई खोप लगाइने छ । अध्यक्ष डा अधिकारीले विफर उन्मूलन र पोलियो जस्ता रोगको रोकथाम खोप नै रहेकाले ढुक्क भएर किशोरीलाई खोप लगाउन आग्रह गर्नुभयो । "विफरले बर्सेनि धेरै व्यक्तिको ज्यान लिएको थियो । पोलियोले धेरै बालबालिकालाई जीवनभरका लागि अपाङ्गता बनाएको थियो । लहरे खोकी, डिप्टेरिया, टिटानस जस्ता रोगले हाम्रो बाल मृत्युदर उच्च बनाएको थियो । आज ती रोगहरू नदेखिनु संयोग होइन । यो खोपको सफलता हो," उहाँले भन्नुभयो, "खोप भनेको रोग लागेपछि उपचार होइन, रोग लाग्नै नदिनु हो ।" वर्षौं देखिको प्रयासपछि नेपालले एचपिभी खोप ल्याउन सफल भएको उल्लेख गर्दै एचपिभी खोपले पाठेघरको मुखको क्यान्सर जस्ता गम्भीर रोगबाट हाम्रा छोरी-नातिनीहरूको भविष्य सुरक्षित गर्ने बताउनुभयो । अभियानअन्तर्गत सरकारले तीन लाख ५० हजार बालबालिकालाई पाठेघरको मुखको क्यान्सर विरुद्धको एचपिभी खोप लगाउने छ ।

# सुन्तला बेचेर तनहुँका कृषकले भित्र्याए करोडौँ

**रासस**
तनहुँ, ३ फागुन

तनहुँको म्याग्दे गाउँपालिका-२ उमाचोकका विश्वबहादुर अधिकारीले यस वर्ष रु ९० लाखको सुन्तला बिक्री गर्नुभयो। जिल्ला विकास समिति तनहुँका पूर्वसभापति अधिकारी सुन्तलाखेतीबाट सन्तुष्ट हुनुहुन्छ।

गाउँको भिरालो जमिनलाई सदुपयोग गरी अधिकारीले विसं २०५२ देखि व्यावसायिक सुन्तलाखेती सुरु गर्नुभएको थियो। सुन्तला खरिदका लागि बगानमै ठेकेदार आउने गरेको बताउँदै उहाँले बजारमा समस्या नरहेको सुनाउनुभयो । त्यसैगरी, व्यास नगरपालिका-१३ बेनीकोटका कृषक दलबहादुर थापाले यस वर्ष रु १६ लाखको सुन्तला बिक्री गर्नुभयो। अघिल्लो वर्षको तुलनामा यस वर्ष रु तीन लाखको सुन्तला बिक्री भएको उहाँले बताउनुभयो। विदेशबाट फर्किएर सुन्तलाखेतीमा लाग्नुभएका गिरबहादुरले यस वर्ष रु तीन लाख ५० हजारको सुन्तला बिक्री



गरेको बताउनुभयो । यी त केही उदाहरण हुन्, तनहुँका कृषकले यस वर्ष रु ४५ करोड ५० लाखको सुन्तला बिक्री गरेका छन्। गत वर्ष यहाँका किसानल रु ४२ करोड ५० लाखको सुन्तला बिक्री गरेका थिए । कृषि ज्ञान केन्द्रका सूचना अधिकारी किरण परियारले यस वर्ष ५८२१.९ मेट्रिकटन सुन्तला बिक्री भएको जानकारी दिनुभयो । उहाँका अनुसार यस वर्ष ११८२१.७ मेट्रिकटन सुन्तला उत्पादन भएको थियो। जिल्लामा १६७० हेक्टर सुन्तलाखेतीको क्षेत्रफल रहेकामा ९७७ हेक्टर क्षेत्रफलमा सुन्तला उत्पादन भएको परियारले जानकारी दिनुभयो । आँबुखैरेनी गाउँपालिकास्थितडुम्रीखर्क,डाँडापानी, खोलागाउँ, झारपुङ, घिरिङ गाउँपालिकास्थित च्याचुल, उवाथोक, मेवापानी, पोखरीछाप, देवघाट गाउँपालिकास्थित नरम, छिपछिपे, लुम्रिङ, दगारा, भिमाद नगरपालिकास्थित अक्सपाङ्दी, चामबोट, कोखे, म्याग्दे गाउँपालिकास्थित बहपुर, उमाचोक, छाङ, ऋषिङ गाउँपालिकास्थित अर्चल्दी, दुवुङ, बन्दीपुर गाउँपालिकास्थित धरमपानी, कमलबारी, काफलस्वारा, झारगाउँ, बासपानी, व्यास नगरपालिकास्थित तनहुँसुर, बेनीकोट र शुक्लागण्डकी नगरपालिकास्थित नाम्सीकोट र ज्याङ्लादी सुन्तला उत्पादनका पकेट क्षेत्र हुन् । त्यस्तै, आर्थिक वर्ष २०८०/८१ मा रु ३० करोड बराबरको सुन्तला उत्पादन भएको थियो । त्यतिबेला तीन हजार ७५० मेट्रिकटन सुन्तला उत्पादन भएको थियो। जिल्लामा सुन्तलाखेतीतर्फ आकर्षण बढेसँगै सुन्तला उत्पादनमा वृद्धि भएको परियारको भनाइ छ।

तनहुँमा उत्पादित अधिकांश सुन्तला काठमाडौँका व्यापारीले लैजाने गरेका छन् । सुन्तला खरिदका लागि व्यापारी बगैँचासम्म पुग्ने गरेका छन्। काठमाडौँका अलवा पोखरा, नारायणगढलगायतका ठाउँमा यहाँको सुन्तला बिक्री हुने गरेको छ। जिल्लाका अधिकांश ठाउँमा व्यापारी नै बगैँचासम्म पुगेर सुन्तला खरिद गर्ने गरेका छन् ।

# पोखरा ५ प्रस्याङमा सन्तानेश्वर मन्दिर पुनर्निर्माणको शिलान्यास

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन

पोखरा महानगरपालिका वडा नम्बर ५ मा प्रस्याङमा रहेको सन्तानेश्वर महादेव मन्दिरको पुनर्निमाणका लागि शिलान्यास भएको छ।

शिवरात्रीको अवसर पारेर मन्दिर पुनर्निर्माणको शिलान्यास पोखरा-५ का वडा अध्यक्ष विष्णु प्रसाद बराल गरे । वडा अध्यक्ष बरालले प्रस्याङ पार्कलाई व्यवस्तिथ गर्न गुरु योजना तयार गरिएको बताए । उनले यस पार्कमा रहेको सन्तानेश्वर महादेव मन्दिरलाई पोखरा ५ को प्रमुख धार्मिक स्थल बनाउने बताए।

मन्दिरको पुनर्निर्माण महानगरको योजना र स्थानीयको सहयोगमा गर्ने योजना छ । मन्दिर पुनर्निर्माण कार्यका लागि १ करोड ६५ लाख रुपैयाँ लागत अनुमान गरिएको प्रचार प्रसार संयोजक लक्ष्मण बरालले बताए । शिलान्यासकै दिन पार्क व्यवस्थापन समितिका अध्यक्ष शिव प्रसाद पराजुलीको परिवारबाट ५ लाख रुपैयाँ आर्थिक सहयोग गरेका छन्। स्थानीय समुदायको सक्रिय सहभागिता तथा सहयोगबाट




मन्दिर पुनर्निर्माण कार्यलाई समयमै सम्पन्न गर्ने लक्ष्य समितिको छ।

यस वर्ष सन्तानेश्वर महादेव मन्दिरमा महाशिवरात्रि महोत्सव समेत सञ्चालन भएको छ । पर्स्याङ बगैंचा पार्क व्यवस्थापन समितिको आयोजना र शिवालय भजन समूहको समन्वयमा सामूहिक व्रतवन्त्र, साँझ आरती, भजन लगाएतका कार्यक्रमहरु गरेको संयोजक सन्तोष पराजुलीले जानकारी दिए। ऐतिहासिक तथा धार्मिक महत्व बोकेको सन्तानेश्वसर मन्दिरमा बर्सेनि शिवरात्रीका अवसरमा स्वतस्फूर्तरुपमा कार्यक्रम हुने भए पनि यसपटक व्यवस्थित ढंगले विशेष कार्यक्रम गरेर मनाएको उनको भनाइ छ। पछिल्लो पटक पर्यटनसँग समेत जोडिएको पार्कमा विशेष पौराणिक तथा धार्मिक महत्व बोकेको सन्तानेश्वर महादेव मन्दिर परिसरमा कार्यक्रम गरेको बताए। यो मन्दिर करिब १ सय २५ वर्ष पुरानो रहेको स्थानीयको भनाई छ।

प्रर्स्याङमा हुने शिवरात्री विशेष कार्यक्रमलाई फिस्टेल आइभिएस एन्ड फर्टिलिटी सेन्टरले साथ दिएको छ । शिवरात्री विशेष कार्यक्रममा १०८ शिवलिंगमा दूध, जल तथा बेलपत्र अर्पण, सामूहिक चुडाकर्म, निःशुल्क रक्त परीक्षण, विभिन्न सांस्कृतिक कार्यक्रम तथा झाँकी आकर्षणका भएका छन्।

# ताराखोलास्थित नेपाल माविमा एक करोडको अक्षयकोष स्थापना

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ फागुन

म्याग्दीको सिमानामा रहेको बागलुङको ताराखोला गाउँपालिका-४ मा रहेको नेपाल माविले स्थापना गरेको अक्षयकोषमा रु एक करोड सङ्कलन भएको छ।

गत माघ २५ देखि यही फागुन १ गतेसम्म विविध कार्यक्रमसहित मनाइएको ५७औँ स्थापना दिवस कार्यक्रममा प्राप्त भएको रु ३७ लाखसहित उक्त रकम सङ्कलन भएको हो । प्राविधिकतर्फ पशुविज्ञान विषयमा दश जोड दुई तहको पठनपाठन सञ्चालन गरेको विद्यालयको शैक्षिक र भौतिक विकासमा परिचालन गर्ने उद्देश्यले स्थापना गरिएको अक्षयकोषमा हालसम्म रु एक करोड दुई लाख सङ्कलन भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पदम खत्रीले बताउनुभयो।

"दाताहरूले आफ्ना दिवङ्गत अभिभावक र दिवङ्गत भएका पूर्वविद्यार्थीहरूको स्मृतिमा उनीहरूका अभिभावकले अक्षयकोषमा सहयोग गर्नुभएको छ", उहाँले भन्नुभयो, "विदेशमा रहेका ताराखोलावासीहरू आबद्ध सङ्घसंस्था र व्यवसायीहरूले



व्यक्तिगत रूपमा पनि सहयोग गर्नुभएको छ ।" विद्यालयको आन्तरिक स्रोतको कोषमा रहेको रु ६५ लाखबाट सुरु गरिएको अक्षयकोषमा ५६औँ वार्षिकोत्सवका अवसरमा गत वर्ष रु १५ लाख सहयोग प्राप्त भएको थियो । अक्षयकोषलाई वृद्धि गरेर रु दुई करोड बनाउने र सोको ब्याजबाट विद्यालयले पठनपाठनमा गरेको नमूना अभ्यासलाई निरन्तरता दिन परिचालन गरिने अध्यक्ष खत्रीले जानकारी दिनुभयो। अक्षयकोषमा गलकोट समाज जापानले रु पाँच लाख, जितबहादुर खत्रीले रु तीन लाख, टीकाराम कँडेलले रु दुई लाख, गैरआवासीय नेपाली सङ्घ जापानले रु एक लाख ५० हजार, यमबहादुर खत्रीले रु एक लाख, भीमबहादुर पाण्डेको परिवारले रु एक लाख, कर्णबहादुर केसीले रु दुई लाख ११ हजार १११, हुमाकुमारी कँडेलले रु दुई लाख, रती घर्तीले रु ६५ हजार, पोकबहादुर घर्तीले रु ५० हजार र चित्रप्रसाद गौचनले रु एक लाख सहयोग गर्नुभएको छ । त्यसैगरी, राम चालिसेले रु तीन लाख ५० हजार र प्रकाश थापाले रु तीन लाख ५० हजार, लाखिम गैरेले रु ५० हजार र भक्त चोखालले रु ५० हजार सहयोग गर्नुभएको छ । यसैगरी स्वर्गीय हरिबहादुर चोखालको स्मृतिमा उहाँका बुबा पोकबहादुर चोखालको रु चार लाख ५५ हजार सहयोगमा विद्यालय भवनमा एक कोठा निर्माण भएको छ। चार सय ११ जना विद्यार्थी अध्ययनरत विद्यालयका विद्यार्थीको साधारणतर्फ सरदर सिकाइ उपलब्धि ५५.९५ र प्राविधिक धारतर्फका विद्यार्थीको सिकाइ उपलब्धि ६५.१५ प्रतिशत रहेको प्रअ प्रकाश रोकाले जानकारी दिनुभयो । सङ्घीय सरकारको नमूना विद्यालय कार्यक्रममार्फत ३४ कोठा क्षमताको पाँचवटा भवन निर्माण सकिएको र एक भवन निर्माणाधीन छ । एघारकोठे एक छात्रावास, १३ कोठे शौचालय, कम्प्युटर, विज्ञान प्रयोगशाला र पशु विज्ञान प्रयोगशाला स्थापना भएको छ। कक्षा ८ सम्म अङ्ग्रेजी माध्यमबाट पठनपाठन गराउने गरिएको छ। कोरियाको संस्थाको सहयोगमा सूचना प्रविधियुक्त अत्याधुनिक मल्टिमिडिया र प्रविधियुक्त कम्प्युटर विषयको पठनपाठन हुने कक्षा कोठा पनि रहेको छ । ताराखोला गाउँपालिकाका अध्यक्ष धनबहादुर विकले नेपाल माविलाई आवासीय विद्यालयका रूपमा सञ्चालन गर्ने, स्कुल बसको सुविधा थप गर्ने र क्याम्पससमेत स्थापना गर्ने योजना रहेको बताउनुभयो।

# भोट मागन पर्वतका कांग्रेसी उम्मेदवार पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा पर्वतका नेपाली कांग्रेसका उम्मेदवारहरूले चुनावी अभियानलाई तीव्र बनाएका छन्।

पर्वत स्थायी घर भई हाल विभिन्न पेशा-व्यवसायका क्रममा पोखरामा बसोबास गर्ने मतदातालाई लक्षित गर्दै प्रतिनिधिसभा उम्मेदवार अर्जुन प्रसाद जोशी र समानुपातिक उम्मेदवार जीत बहादुर नेपाली मतदातासँग प्रत्यक्ष भेटघाटका लागि पोखरा आउनुभएको हो।

नेपाली कांग्रेस पर्वत-पोखरा सम्पर्क समितिको आयोजनामा सम्पन्न पेशा-व्यवसायी प्रतिनिधिहरूसँगको भेटघाट तथा अन्तर्क्रिया कार्यक्रममा उम्मेदवारहरूले आफ्ना एजेण्डा प्रस्तुत गर्दै समर्थन र भोटको अपिल गर्नुभयो।

कार्यक्रमलाई सम्बोधन गर्दै उम्मेदवार जोशीले नेपाली कांग्रेस सच्चिएर आएको पार्टी भएको दाबी गर्दै जनताको चाहना र बदलिँदो समयको मागअनुसार पार्टीले अब युगको आवश्यकता अनुसार काम गर्ने बताउनुभयो। उहाँले रूपान्तरित कांग्रेस भ्रष्टाचार न्यूनीकरण, पारदर्शिता र सुशासनप्रति प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो,



'असल कर्मले नै असल नेता र असल नेताले असल पार्टी बनाउँछ। हामी विगतबाट पाठ सिकेर असल कर्ममा निरन्तर लाग्ने छौँ। अरूलाई गाली गर्ने होइन, जनताप्रति जवाफदेही बन्ने बाटो हामीले रोजेका छौं।'

त्यसैगरी समानुपातिक उम्मेदवार नेपालीले दलित, उत्पीडित र जनजाति समुदायको अधिकार सुनिश्चित गर्न कांग्रेसले महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्नुभयो । स्थानीय तहका प्रत्येक वडामा दलित प्रतिनिधित्वको कानुनी व्यवस्था कांग्रेसकै पहलमा सम्भव भएको उहाँको दाबी थियो। समितिका अध्यक्ष डा. गणेश शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गण्डकी प्रदेश सांसद रेखा गुरुङ, निर्वाचन परिचालन समितिका संयोजक खगेन्द्र तिवारी, अनुगमन समितिका संयोजक विश्व प्रसाई, नेपाली कांग्रेस पार्टी पर्वतका उपसभापति शिव सुवेदी, समितिका उपाध्यक्ष लक्ष्मी मेधासीलगायत वक्ताहरुले लोकतन्त्र सुदृढ बनाउन कांग्रेसलाई विजयी गराउनुपर्ने धारणा राख्नुभएको थियो । पोखरामा बसोबास गर्ने पर्वते मतदाताको उल्लेख्य उपस्थितिबिच सम्पन्न भएको कार्यक्रमले चुनावी माहोललाई थप तताएको सहभागीहरूले बताएका छन् । अन्तर्क्रियामा नेता तथा कार्यकर्ताहरूले जनताको आकांक्षाअनुसार विकास, सुशासन र समावेशिताको एजेण्डा कार्यान्वयन गर्न कांग्रेसलाई जिताउनुपर्नेमा जोड दिएका थिए।

# महाशिवरात्रिमा देशभरका शिवालयमा पूजा आराधना

**रासस**
काठमाडौं, ३ फागुन

महाशिवरात्रि पर्वका अवसरमा पशुपतिनाथसहित देशभरका शिवालयमा बिहानैदेखि देवाधिदेव महादेवको पूजा आराधना एवं दर्शनका लागि भक्तजनको लामो लाम लागेको छ।

पर ब्रह्मले फाल्गुन कृष्ण चतुर्दशीका दिन मध्यरातमा शिवरुप धारण गरेकाले मध्यरातमा चतुर्दशी तिथि परेकै दिन पूजा, आराधना, दर्शन गरे यस लोकमा सुख शान्ति र परलोकमा सद्गति प्राप्त हुने शास्त्रीय वचन रहेको छ । यही वचनका आधारमा बिहानैदेखि पशुपतिनाथलगायतदेशभरकाशिवालयमा भक्तजनको लाम लागेको हो।

वैदिक सनातन हिन्दू धर्मावलम्बीहरु आज बिहानैदेखि नदी, कुण्ड र तलाउमा स्नान गरी शिवालयमा गई श्रद्धाभक्तिपूर्वक पूजा-आराधना गर्दछन् । शिवजी उत्पत्ति हुनुभएको रातका नामबाट नामकरण भएको यो पर्व कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रिमध्ये एक पवित्र पर्वका रूपमा शिव पुराण लगायतका ग्रन्थमा उल्लेखित छ। फाल्गुन कृष्ण चतुर्दशीका दिन मनाइने यस पर्वलाई दीनदुःखी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीको हृदयमा धर्मको उदय गराउने आशुतोष भगवान् शिवको अति प्यारो दिनका रूपमा पनि लिइन्छ। माघ महिनामा महादेवको रुद्रत्व अर्थात् जगत्लाई रुवाउने वा संहार गर्ने तत्वले गर्दा पत्रविहीन भई जीर्ण भइरहेका रूख, बिरुवा तथा झारहरू उनै महादेवको शिवत्व (जगत्को कल्याण गर्ने तत्व)ले गर्दा फागुनमा पलाउन थाल्ने हुनाले शिवरात्रि मनाउने गरिएको हो भन्ने भनाइ छ।

व्रतमध्ये सर्वोत्तम कहलिएको महाशिवरात्रिका दिन आज भक्तजनले शुद्ध भई शिव मन्दिरमा पूजा-अर्चना गरी व्रत बस्ने र भगवान् शिवको प्रिय वस्तु दूध, धतुरो र बेलपत्र चढाउने गर्छन्। यस पर्वका दिन उपवास गरी रातभर जाग्राम बसे सर्वसिद्धि लाभ भई यमलोक जानु नपर्ने धार्मिक विश्वास छ । आजको दिन भगवान् महादेवलाई जाडो हुने जनविश्वासले प्रत्येक घर, चोक र मठ-मन्दिरमा दाउरा मागेर धुनी जगाइ भजनकीर्तनका साथ सोही आगोमा प्रसाद बनाई ग्रहण गरिन्छ । राष्ट्रिय सांस्कृतिक पर्वका रूपमा रहेको यो दिन आज पशुपतिनाथमा रातको चार प्रहरमा चार प्रकारका पूजाका अतिरिक्त महादीप, अखण्डदीप, लक्ष्यबत्ती तथा दीपोत्सवका साथै लाख बेलपत्र अर्पण गरिन्छ। कैलाशकुट र किराँतेश्वरका सङ्गीत आश्रममा शास्त्रीय नाचगान गरिन्छ। भगवान् महादेवको दर्शन गर्न र शिवरात्रि पर्वको मेला भर्न आज देशभरका विभिन्न भागलगायत छिमेकी राष्ट्र भारतका तीर्थयात्रीको पशुपतिनाथ मन्दिरमा घुइँचो लाग्छ । दर्शन गर्न आउने दर्शनार्थीको सवारी पार्किङका लागि सिफल, तिलगङ्गा, गुह्येश्वरी पारि, कोषको कार्यालय, वनकालीलगायत स्थानमा व्यवस्था मिलाइएको छ।

आइतबार पशुपतिनाथसँगै उपत्यकाका गोकर्णेश्‍र, नागेश्वर, तारकेश्वर नगरपालिका वडा नं. ४ मा रहेको बाणेश्वर, भक्तपुरको डोलेश्वर लगायत शिव मन्दिरमा पनि भक्तजनको भीड लागेको छ। यसैगरी राजधानी बाहिरका शिव मन्दिरमा पनि धूमधामका साथ पूजा आराधना एवं दर्शन गर्ने भक्तजनको घुइँचो लागेको जनाइएको छ।

आइतबार दिउँसो १६:५२ बजेसम्म त्रयोदशी तिथि छ। त्यसपछि चतुर्दशी प्रारम्भ हुन्छ । चतुर्दशी तिथि सोमबार दिउँसो १७:३५ बजेसम्म छ । मध्यरातमा चतुर्दशी तिथि आइतबार परेकाले यसै दिन महाशिवरात्रि पर्व मनाउने निर्णय गरिएको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ।

# स्कूल बस दुर्घटना छ जनाको उपचार हुँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ फागुन

गत बिहीबार बागलुङ नगरपालिका-३ रात्माटामा भएको स्कूल भ्यान दुर्घटनाका २४ घाइतेमध्ये १८ जना विद्यार्थी उपचारपछि घर फर्केका छन्।

बस दुर्घटनामा धौलागिरी अस्पतालमा उपचाररत सबै घाइते घर फर्किएका हुन्। गत बिहीबार बागलुङ नगरपालिका-१ स्थित न्यू एभरेष्ट बोर्डिङ स्कुलको ग १ च ८६२१ भ्यान दुर्घटना भएको थियो । दुर्घटनामा दुई जनाको मृत्यु भएको थियो। कक्षा ४ का सुजल छन्त्यालको उपचारको क्रममा शनिबार पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा र कक्षा ८ का अमन बोहोराको दुर्घटना भएकै दिन धौलागिरी अस्पतालमा उपचारको क्रममा निधन भएको थियो । हाल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एक जना सङ्गम किसानको उपचार भइरहेको छ । बाँकी पाँच जना अनन्या किसान, आयान बोहोरा, सोलुमान रसाइली, निकित किसान र सुमन गैरेको मणिपाल शिक्षण अस्पतालमा उपचार गराइरहेको धौलागिरी अस्पताल बागलुङका प्रमुख डा किरण तिवारीले जानकारी दिनुभयो।

दुर्घटनाको छानबिन गर्न सहायक प्रमुख जिल्ला अधिकारी नवराज बरालको संयोजकत्वमा समिति गठन भएको छ।